# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## कुम्मायक गाउँपालिका
## पाँचथर




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौंटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजुउपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal


**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं. १**

पत्र संख्याः २०७८।७९
च.नं. ५१६ मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
कुम्मायक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
पाँचथर।

**कैफियतसहितको राय**

हामीले कुम्मायक गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग नगरी वित्तीय विवरण तयार गरेको छ ।

२. लेखापरीक्षणबाट रू.१ करोड २४ लाख ६१ हजार बेरुजु देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू.८५ लाख ९१ हजार फस्योंट भई रू.३८ लाख ७० हजार कायम भएकोमा असुल गर्नुपर्ने रू.३३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३८ लाख ४ हजार, नियमित गर्नुपर्ने रू.३३ हजार रहेको छ । गाउँपालिकाको गतवर्ष रु.४ करोड ४९ लाख ६४ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.४ करोड ८८ लाख ३४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरवन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पद्मप्रसाद आचार्य )
नायब महालेखापरीक्षक

कुम्मायक गाउँपालिका, पाँचथर

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५९ | १८ | १२४६१ | ० | १० | ८५९१ | ५९ | ८ | ३८७० | ३३ | ३३ | ३८०४ | ० | ० | ३८३७ | |

## अद्यावधिक बेरुजुस्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कुम्मायक गाउँपालिका | ४४९६४ | ० | ० | ४४९६४ | ० | ३८७० | ४८८३४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : कुम्मायक गाउँपालिका, पाँचथर , कुम्मायक गाउँपालिका , पाँचथर

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | देवेन्द्र सुवेदी | २०७८-१२-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बिपिन निरौला | २०७८-१२-२५ | |
| | | **बेरुजु रकम** | ३,८६९,६६० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४,१०,७५,४१८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २६,६२,९६,९६६.४ | चालु खर्च | २३,६१,८७,३२१.४ |
| प्रदेश सरकारबाट अनुदान | १,५७,९५,७१७ | पूँजीगत खर्च | ६,४८,५१,५९८ |
| राजश्व बाँडफाँट | ५,४५,१२,३६२.१६ | वित्तीय/अन्य व्यवस्था | ६,०७,०६,०९२.९२ |
| आन्तरिक आय | ७२,४०,५५६.०८ | | |
| अन्य आय | ५,५३,१२,६२४ | | |
| कुल आय | ३९,९१,५८,२२५.६४ | कुल खर्च | ३६,१७,४५,०१२.३२ |
| बाँकी मौज्दात | | ७,८४,८८,६३१.३२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २९ सभा सदस्य, १२९.३० वर्ग किलोमिटर क्षेत्रफल तथा १५ हजार जनसंख्या रहेको छ । | |
| २ | | | गाउँपालिकाको आर्थिक बर्ष २०७7।७8 को राजस्व, धरौटी, विनियोजन तथा अन्य कारोवार संग सम्बन्धित आर्थिक बिवरण एंव स्रेस्ताहरुको लेखापरीक्षण ऐन, २०७५ को दफा ३ र लेखापरीक्षणका अन्तराष्ट्रिय मानदण्ड तथा मार्ग दर्शनको आधारमा नमुना छनौट गरी लेखापरीक्षण गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षण सम्पन्न गरीएको छ । लेखापरीक्षण वाट देखिएका व्यहोरा उपर व्यवस्थापनसंग मिति २०७8।6।20 मा छलफल गरी जानाकारी गराए पश्चात कायम भएको व्यहोरा निम्न छन । | |
| ३ | | | **आर्थिक कारोबार**<br>आर्थिक कारोबारः यस पालिकामा यस वर्ष रु.३9,91,98,225/64 आय भएकोमा २०७8 असार मसान्त सम्म रु.३6,1७,45,012/45 खर्च भई रु.३,74,53,213/19 मौज्दात रहेको छ। गत वर्षको मौज्दात समेत बर्षान्तमा सञ्चित कोष र अन्य कोष रु.7,85,28,631/19 रहेको देखियो । | |
| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालि**<br>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• आर्थिक सहायता र औषधी उपचारको रकम वितरण गर्दा सो सम्बन्धि कार्यविधि बनाएर मात्र गर्नु पर्नेमा गरेको देखिएन ।<br>• वडाहरु र पालिकाका एकै प्रकृतिका योजना तथा कार्यक्रमहरु विभिन्न अनुगमनकारी निकायका निर्देशन परिपत्र र प्रतिवेदन अनुसार एकिकृत प्याकेज बनाई मितव्ययी, प्रतिस्पर्धी र दक्षतापूर्ण ढंगबाट कार्यान्वयन गर्नुपर्नेमा सो बमोजिम आंशिक रुपमा गरेको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत गर्नुपर्नेमा गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नुपर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकीकृत दिर्घकालिन योजना तयार नगरेको ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, 2049 को दफा 7 (ख) (2) बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।<br>• पालिकाले विद्यालयमा रकम निकासा गर्दा विद्यालयगत निकासा प्रष्ट देखिने गरी खाता राखेको देखिएन ।<br>• मन्त्रालयको मिति 2073।12।25 को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको पाईएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>

**बजेट पेश पारित र अख्तियारी**

बजेट पेश, पारित र अख्तियारीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री सीता आचार्यले मिति २०७७।३।१० गते रु.३4,61,85,510/- बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।10 मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।2१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेट खर्च गर्ने अख्तियारी भित्र दिनुपर्नेमा केही दिन ढिला भएको छ ।

</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>

**लक्ष्य प्रगति**

लक्ष्य प्रगतीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 35 बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची 2 बमोजिमको ढाँचामा चौमासिक प्रगती तयार गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र नियम ३६ बमोजिम त्रैमासिक प्रगती विवरण प्राप्त भएपछि केन्द्रीय निकायले त्यसको भौतिक र वित्तिय पक्षको समिक्षा गरी कम प्रगती भएको देखिएमा सोको कारण पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था बमोजिम कार्यालयले तयार पारेको वार्षिक लक्ष्य प्रगती विवरण निम्नानुसार छ ।

<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना संख्या</th><th rowspan="2">यो बर्ष खर्च</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगति</th><th>२५% सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>४७८</td><td>301038</td><td>१३२</td><td>६</td><td>२०</td><td>३२०</td></tr>
</table>

उल्लेखित तालिका बमोजिम आर्थिक वर्ष 2077/78 मा ४७८ योजनाहरु स्वीकृत भएको र उक्त योजनाहरुमा रु. 30 करोड 10 लाख 38 हजार खर्च भएको छ । स्वीकृत योजना मध्ये 132 वटामा काम हुन नसकी सुन्य प्रतिशत प्रगती भएको, ६ वटामा 25 प्रतिशत भन्दा कम प्रगती भएको, 20 वटामा 50 प्रतिशत भन्दा कम प्रगती भएको र 320 वटामा 75 प्रतिशत भन्दा कम प्रगती भएको देखाएको छ । 75 प्रतिशत भन्दा कम प्रगती हुनुमा कोभिडको प्रभाव र प्रशासनिक भवन निर्माणका लागि जग्गा प्राप्त नहुनुला◌ँइ उल्लेख गरेको छ । योजना संचालन गर्न नसक्नु र न्यून प्रगती हुनुको समिक्षा गरी निरीक्षण गर्ने, योजना बनाउँदा संचालन गर्न सकिने मात्र योजना बनाउने, समयमै योजना छनौट गरी सम्झौता गर्ने र सम्पन्न गराउनेतर्फ आगामी दिनमा पालिकाको ध्यान जानुपर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **चौमासिक पुँजिगत खर्च**<br><br>**चौमासिक पूँजीगत खर्चः** कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।<br><br>(तालिका तल)<br><br>उल्लेखित तालिका बमोजिम बजेटको तुलनामा 52.26 प्रतिशत मात्र खर्च भएको, त्यस मध्ये प्रथम चौमासिकमा 5.88 प्रतिशत, दोस्रो चौमासिकमा 20.45 प्रतिशत, तेस्रो चौमासिकमा 73.68 प्रतिशत र आषाढमा मात्र 55.96 प्रतिशत खर्च भएको देखिन्छ । खर्च गर्दा बजेट अनुसार चौमासिक रुपमा आनुपातिक हिसावले खर्च गर्नुपर्नेमा प्रथम र दोस्रो भन्दा तेस्रो चौमासिकमा बढि खर्च भएको, झन आषाढमा कुल खर्चको आधा भन्दा बढि खर्च देखिन्छ । प्रथम चौमासिक देखिनै कार्यक्रमहरु संचालन गरी खर्च गर्दै जानुपर्नेमा तेस्रो चौमासिकमा मात्र खर्च ज्यादा हुनाले अधिकांश काम तेस्रो चौमासिकमा भएको देखिन्छ । यसरी अन्तिम चौमासिकमा काम गर्दा वर्षाद, बाढी, पहिरो जस्ता दैवि प्रकोप हुने हतारमा काम गर्दा गुणस्तरहिन काम हुने, प्राविधिक कर्मचारीले अनुगमन गर्न नसकिने आदि हुँदा बजेट खर्च गर्ने उद्देश्य मात्र रहेको देखिन्छ । तसर्थ आगामी दिनमा समयमै योजनाहरु संचालन गरी चौमासिक रुपमा आनुपातिक खर्च गर्नुपर्दछ । | |
| ८ | | | **पुर्जिंगत खर्च**<br>**पुँजीगत खर्चः** कार्यालयबाट पेश भएको विवरण अनुसार पुँजीगत खर्च देहाय अनुसार गरेको पाइयो । **रु. हजारमा**<br><br>(तालिका तल)<br><br>कुल खर्च मध्ये 69 प्रतिशत उपभोक्ता समितिवाट खर्च गरेकोले खुल्ला प्रतिस्पर्धात्मक विधिवाट खरिद गर्नेतर्फ पालिकाको ध्यान पुग्नुपर्दछ । | |

क्रम ७ को तालिका:

| क्र.सं. | बजेट उप शिर्षक | बजेटखर्च | | प्रथमचौमासिक | | दोस्रोचौमासिक | | तेस्रोचौमासिक | | आषाढ महिनाको मात्र | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च |
| | | 104554 | 54643 | 5317 | 3209 | 38597 | 11174 | 60639 | 40259 | 30581 | 30581 |
| प्रतिशत | | 100 | 52.26 | | 5088 | | 20.45 | | 73.68 | | 55.96 |

क्रम ८ को तालिका:

| खुला बोलपत्र | सिलबन्दी दरभाउपत्र | कोटेसन | सोझै | उपभोक्ता समिति वा लाभग्राही समुदाय | जम्मा खर्च |
|---|---|---|---|---|---|
| २३२३० | 3700 | 0.0 | 0.0 | ६०१५२ | 87082 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>
परामर्श खर्च<br>
परामर्श खर्चः बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन तयार गराएको छ ।
<table>
<tr><td colspan="4">रु. हजारमा</td></tr>
<tr><th>क्र.सं.</th><th>कार्यक्रमको नाम</th><th>कुल खर्च</th><th>कुल खर्च मध्ये परामर्श खर्च</th></tr>
<tr><td>१</td><td>स्वास्थ्य पुर्वाधार निर्माण</td><td>९९४</td><td>९९४</td></tr>
<tr><td>२</td><td>पक्की भवन निर्माण वडा न. ४</td><td>२८०</td><td>२८०</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । परामर्शदातबाट डी.पी.आर. तयार गर्दा सम्भव भएसम्म गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट कार्य गर्नुपर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । प्रतिवेदन तयार भए बमोजिमका योजनाहरु कार्यान्वयनमा ल्याइनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | खरिद सम्झौता | |

**खरिद सम्झौता**

**खरिद सम्झौताः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को दफा 16(7) बमोजिम कार्यालयले वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउँदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन, लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने जस्ता कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्ने गरी बजेट प्रस्ताव गर्नुपर्ने व्यवस्था छ ।

(रु.हजारमा)

| क्र.सं. | कार्यक्रमको नाम | खरिद सम्झौता | | | | | | | | | | यस वर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | आषाढ महिनाको मात्र | | | |
| | | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम | सङ्ख्या | रकम |
| १. | | १२७ | ५४६४३ | ७ | ३२०९ | ३० | ११९७४ | ९० | ४०२५९ | ८४ | ३०५८१ | १२७ | ५४६४३ |

उल्लेखित तालिका बमोजिम यस वर्ष 127 योजनाहरु सम्झौता भएकोमा प्रथम चौमासिकमा 7, दोस्रो चौमासिकमा 30, तेस्रो चौमासिकमा 90 र तेस्रो चौमासिक मध्ये आषाढमा 84 वटा योजनाहरु सम्झौता गरेको छ । योजना सम्झौता सकेसम्म प्रथम चौमासिकमा सम्पन्न गरी सक्नुपर्नेमा तेस्रो चौमासिकमा सबभन्दा बढी सम्झौता भएको छ । यसरी वर्षान्तमा सम्झौता गरी काम सम्पन्न गरेको भएतापनि गुणस्तरीय काम भयो भन्ने विश्वसनिय आधार केही छैन । कामको चाप पर्ने र अनेक कठिना◌ाइ हुने हुँदा योजना सम्झौता गर्ने कार्य चाँडो गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | आन्तरिक ऋण | |

**आन्तरिक ऋण**

**आन्तरिक ऋणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम गाउँपालिकाले वित्त आयोगको सिफारिसमा सम्बन्धित सभाबाट स्वीकृत गरी उत्पादनशील, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस गाउँपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **योजना छनौट**<br>**योजना छनौटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा ४ अनुसार पालिकाहरुले आवधिक वार्षिक रणनीतिगत विषयको योजना बनाउँदा मध्यकालीन तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुमा लगानी गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सोही ऐनको दफा २४ को उपदफा १० अनुसार पालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मूल्याङ्कन कार्य गर्न सक्नेछ भनी व्यवस्था रहेको छ । तर पालिकाले देहाय अनुसारको सानो प्रकृतिका आयोजनाहरु अध्ययन अनुसन्धान र प्रभाव मूल्याङ्कन बेगरनै छनौट गरी कार्यान्वयन गरेको छ । यो वर्ष रु. १ लाखसम्मका 21 वटा, २ लाखसम्मका 23 वटा, ५ लाखसम्मका 47 वटा, १० लाखसम्मका 18 वटा, ५० लाखसम्मका 19 वटा र सो भन्दा माथि 6 वटा गरी 134 वटा योजना छनौट गरी कार्यान्वयन गरेको छ । यसरी साना योजनाहरुमा प्रभाव मूल्याङकन नगरी संचालन गर्नु भन्दा पालिकाले आगामी दिनमा मध्यम र ठुला आयोजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ । | |
| १३ | | | **०७७।७८ को राजश्व**<br>गाउँपालिकाको आर्थिक बर्ष २०७७।७8 को राजस्व, धरौटी, विनियोजन तथा अन्य कारोवार संग सम्बन्धित आर्थिक बिवरण एंव स्रेस्ताहरुको लेखापरीक्षण ऐन, २०७५ को दफा ३ र लेखापरीक्षणका अन्तराष्ट्रिय मानदण्ड तथा मार्ग दर्शनको आधारमा नमुना छनौट गरी लेखापरीक्षण गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षण सम्पन्न गरीएको छ । लेखापरीक्षण वाट देखिएका व्यहोरा उपर व्यवस्थापनसंग मिति २०७8।6।20 मा छलफल गरी जानाकारी गराए पश्चात कायम भएको व्यहोरा निम्न छन । | |
| १४ | | | **उपभोक्ता समितिको श्रेस्ता अनुगमन**<br>**उपभोक्ता समितिको श्रेस्ता अनुगमनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिवाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजांच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्यांकन गर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम कारबाही हुने व्यवस्था छ । उपभोक्ता समितिले राखेको लेखाको सम्बन्धमा अनुगमन गरेको देखिएन । उपभोक्ता समिति मार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने, स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासँग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन । उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेको समेत देखिएन । उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले अनुगमन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **नक्शा पास**<br>**नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) अनुसार कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तर यो वर्ष गाउँपालिकामा नक्सा पास सम्बन्धी कामकारबाही भएको छैन । त्यसैले तोकेबमोजिम संरचना निर्माण गर्नुपूर्व गाउँपालिकाबाट नक्सा पास गर्ने व्यवस्थाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । | |
| १६ | | | **प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापन**<br>**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 59 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३5 जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, लेखा अधिकृत, कृषि अधिकृत, पशु विकास अधिकृत लगायत 24 पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशिघ्र छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । पालिकाले पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग पठाएको छ । | |
| १७ | | | **स्थानिय तथ्यांङ्क र अभिलेख**<br>**स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्थानीय तथ्यांक सम्बन्धि नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भूमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक बेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाउँपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | |
| १८ | | | **कल्याण कोष**<br>**कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **कानुन र संचालन स्थिति**<br>**कानून र सञ्चालन स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३6 नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म 8 वटा ऐन, 4 वटा नियमावली, 24 वटा कार्यविधि, 2 निर्देशिका र 1 वटा आचारसंहिता लगायत 39 वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| २० | | | **न्यायीक समिति**<br>**न्यायिक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष 16 विवाद दर्ता भएकोमा 16 वटानै फस्र्योट भ्ई बाँकी सून्य देखिन्छ । विवाद समाधानमा न्यायिक समिति सक्षम रहेको देखिन्छ । | |
| २१ | | | **सेवा प्रवाह**<br><br>**सेवा प्रवाहः** गाँउपालिकाले पेश गरेको सेवा प्रवाह सम्वन्धि विवरण देहाय अनुसार रहेको छ। | |

| क्रमश | विवरण | सेवा प्राप्तिका लागि निवेदन संख्या | सिफारिस संख्या |
|---|---|---|---|
| 1 | नागरिकता सिफारिस | 380 | 378 |
| 2 | घरबाटो सिफारिस | 87 | 85 |
| 3 | नाता प्रमाणित | 190 | 190 |
| 4 | जन्म,मृत्यु दर्ता | 544 | 539 |
| 5 | अन्य | 900 | 860 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **वन पैदावर**<br>**वन पैदावारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनुपर्ने र वन पैदावार बिक्री बापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो सम्बन्धी अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन । आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ । | |
| २३ | | | **उठ्न बाँकी रकम** | |
| २३.१ | | | उठ्न बाँकी रकमः कार्यालयले दिएको विवरण बमोजिम हाटबजार ठेक्का वापत उठन बाँकी रु.89,000/- श्याम चाम्लीङ्ग रा‍ईसंग गत विगत वर्षदेखि नै उठ्न बाँकी रहेकोले यथासिघ्र असुल गर्नुपर्दछ । | |
| २३.२ | | | **शिक्षक दरवन्दी र पदपूर्तिः** गाँउपालिकाले पेश गरेको शिक्षक दरवन्दी र पदपूर्ति देहाय अनुसार रहेको छ । | |

| सि.नं. | विधालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विधार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री पृथ्वी मा.वि यासोक | २३ | १४ | ९ | ६४३ |
| २ | श्री खाल्डे मा.वि यासोक | ९ | ६ | ३ | २२४ |
| ३ | श्री ओखलढुङ्गा आ.वि | ४ | २ | २ | ५५ |
| ४ | श्री सिद्धेश्वर आ.वि | २ | २ | ० | ५४ |
| ५ | श्री अमृत आ.वि | ४ | ४ | ० | ७२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ६ | श्री सुब्जनि आ.वि | ३ | ३ | ० | २९ | |
| | | | ७ | श्री कुम्मायक आ.वि | १ | १ | ० | २२ | |
| | | | ८ | श्री सिद्धसरण आ.वि | ३ | १ | २ | ३७ | |
| | | | ९ | श्री ओर्दिन कुस्सायक आ.वि | ४ | ४ | ० | ६१ | |
| | | | १० | श्री सुम्निमा आ.वि | १ | १ | ० | २८ | |
| | | | ११ | श्री सिद्धसरस्वति मा.वि | १५ | ७ | ८ | ५२६ | |
| | | | १२ | श्री धाम सरस्वति आ .वि | ६ | ४ | २ | १०० | |
| | | | १३ | श्री सरस्वति आ . वि | ६ | ४ | २ | १२२ | |
| | | | १४ | श्री गोरादेवि आ .वि | १ | ० | १ | २२ | |
| | | | १५ | श्री अल्पादेवि आ . वि | ३ | २ | १ | ४६ | |
| | | | १६ | श्री फाक्चुवा आ . वि | २ | २ | ० | ३६ | |
| | | | १७ | श्री बलबहादुर आ . वि | २ | १ | १ | २१ | |
| | | | १८ | श्री पञ्चकन्या आ .वि | ३ | २ | १ | ५८ | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १९ | श्री त्रिभुवन आ . वि | ७ | ६ | १ | ८३ | | |
| | | | | २० | श्री सार्वजनिक आ.वि | ७ | ४ | ३ | ७२ | | |
| | | | | २१ | श्री सुर्योदय आ .वि. | १ | १ | ० | ११ | | |
| | | | | २२ | श्री चन्द्रोदय आ . वि | १ | १ | ० | १० | | |
| | | | | २३ | श्री कालिका आ वि | ३ | २ | १ | १४ | | |
| | | | | २४ | श्री हात्तिपोखरी आ . वि | ४ | ३ | १ | ६९ | | |
| | | | | २५ | श्री महादेव आ . वि. | १ | १ | ० | २२ | | |
| | | | | २६ | श्री रानिगाउ आ . वि. | २ | २ | ० | ३८ | | |
| | | | | २७ | श्री सिद्ध आ . वि. | १२ | ५ | ७ | २३५ | | |
| | | | | २८ | श्री तिल्केनी आ . वि. | ५ | १ | ४ | ६६ | | |
| | | | | २९ | श्री सिहंबाहिनी आ . वि. | ३ | ३ | ० | ५० | | |
| | | | | ३० | श्री हाङ्मापोखरी आ . वि. | १ | १ | ० | २७ | | |
| | | | | ३१ | श्री सिंहकालि आ . वि. | १ | १ | ० | १० | | |
| | | | | ३२ | श्री महेन्द्रोदय मा . वि. | १४ | ९ | ५ | २९२ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३३</td><td>श्री गुहेश्वरी आ . वि.</td><td>७</td><td>६</td><td>१</td><td>९४</td></tr>
<tr><td>३४</td><td>श्री देउराली आ . वि.</td><td>१</td><td>१</td><td>०</td><td>२७</td></tr>
<tr><td>३५</td><td>श्री हिमालय आ . वि.</td><td>२</td><td>०</td><td>२</td><td>२५</td></tr>
<tr><td>३६</td><td>श्री जनकल्यण आ . वि.</td><td>३</td><td>१</td><td>२</td><td>४१</td></tr>
<tr><td>३७</td><td>श्री कागेश्वरी आ . वि.</td><td>४</td><td>४</td><td>०</td><td>८३</td></tr>
<tr><td colspan="2">जम्माः</td><td>171</td><td>112</td><td>59</td><td>3425</td></tr>
</table>
उपरोक्त शिक्षक दरबन्दी र पदपुर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा 20 जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरवन्दी मिलान तथापायक पर्ने विद्यालय एक अर्कोमा गाभ्ने प्रकृया अगाडि बढाउनुपर्ने देखिन्छ ।
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>शिक्षक तलब भत्ता र निकासा<br>शिक्षक तलव भत्ता निकासाः 48।2078।01।04 शिक्षा नियमावली, 2059 को नियम 179 बमोजिम कुनै कामको लागि आवश्यकता भन्दा बढी निकासा माग गर्ने र निकासा दिने अधिकारीलाई कानुन बमोजिम कारवाही गरिने कुरा उल्लेख छ । गाँउपालिकाले मातहतका विद्यालयहरुलाई तेश्रो चौमासिक निकासा दिँदा पोशाक भत्ता समेत पृथ्वी मा.वि. यासोकका शिक्षक रन्जिता गौतम 2077।11।19 गते देखि अन्तर जिल्ला सरुवा भई जानु भएता पनि उहाँको पोशाक भत्ता निकासा भएकोले सम्वन्धित विद्यालयबाट असूल गर्नुपर्ने रु.<br>मिति २०७८।८।१४ को निर्णय अनुसार प्रमाण पेश भएकोले उक्त वेरुजु प्रतिक्रियाबाट हटाइएको ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **बढी भुक्तानी**<br>बढी भुक्तानीः 188।2078।03।29 आमा सुरक्षा कार्यक्रम अन्तर्गत स्वास्थ्य चौकी माङ्गजावुङ मा प्रसुति महिलाहरुलाई उत्प्रेरणा खर्च दिने व्यवस्था बमोजिम जम्मा खर्च रु.84,400।- मात्र भएकोमा भुक्तानी रु.1,06,000।- भई रु.24,600।- बढी भुक्तानी भएकोले फिर्ता माग गरी राजस्व दाखिला गर्नुपर्ने रु<br>मिति २०७९।८।१४ को निर्णय अनुसार उक्त बेरुजु प्रतिक्रियाबाट फछ्यौट गरीएको रु २४६०० | |
| २६ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**<br>**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत निम्नानुसारका विद्यालयहरुलाई 3 कोठे भवन निर्माणको लागि रकम निकासा प्राप्त भएकोमा वर्षान्तमा विद्यालयको खातामा रकम निकासा गरी रोक्का राखेको छ । निकासा भएको उक्त रकम फुकुवा गरी भवन निर्माण कार्य सम्पन्न गर्न लगाई कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ । भवन निर्माण सम्पन्न गर्न नसके उक्त रकम फिर्ता ल्याई राजस्व दाखिला गराई प्रमाण पेश गर्नुपर्ने रु<br>मिति २०७९।८।१४ को निर्णय अनुसार सिद्धसरस्वति को रु १८००००० र त्रिभुवन आ.वि को रु १८००००० गरी रु ३६००००० को प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरीएको । | १,८००,००० |

| **भौ.नं. र मिति** | **विद्यालयको नाम** | **निकासा रकम** |
|---|---|---|
| 178।2078।03।25 | सिद्ध सरस्वती मा.वि. वडा नं. 2 | 1800000.0 |
| 191।2078।03।29 | खाल्टे मा.वि. वडा नं. 1 | 1800000.0 |
| 191।2078।03।29 | त्रिभुवन आदर्श मा.वि. वडा नं. ३ | 1800000.0 |
| **जम्माः** | | 5400000.0 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>**प्रधानमन्त्री रोजगार कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत गाँउपालिकामा 257 व्यक्तिहरु छनौट भई रु.1,32,86,900।- बजेट निकासा भएकोमा रु.1,32,61,050।- खर्च भई रु.25,050।- फिर्ता भएको छ । २३ वटा योजना छनौट गरी दैनिक रु.517।- का दरले प्रति व्यक्ति 100 दिन का दरले रोजगार प्राप्त गरेको छन् । | |
| २८ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>**सुरक्षित नागरिक आवास कार्यक्रमः** सुरक्षित नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधी, 2075 बमोजिम गाँउपालिकाले आ.व. 2077।78 को लागि लक्षित वर्ग पहिचान गरी 677 घरधुरी छनौट गरी जस्तापाता लगाउन सिफारिस गरी संघन शहरी तथा भवन निर्माण आयोजनाको कार्यालय झापामा पठाएकोमा पठाएका सबै स्वीकृत भई आएको र त्यसमध्ये 665 घरधुरीले सम्झौता गरी पहिलो किस्ता रु.30,000।- का दरले रु.2,02,50,000।- प्राप्त गरी 494 जनाले कार्य सम्पन्न गरी दोश्रो किस्ता रु.20,000।- का दरले रु.98,80,000।- प्राप्त गरेका छन् भने 92 जनाले कार्य सम्पन्न गर्न सकेका छैनन । उक्त श्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम छ । | |
| २९ | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>**निर्माण सम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेः** सुरक्षित नागिरक आवास कार्यक्रम कार्यन्वयन निर्देशिका, 2075 को वुंदा 6 बमोजिम कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनको लागि अनुदान उपलब्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाईएमा अनुदान उपलब्ध गराइएको मितिले ३ महिना भित्र लाभग्राहीबाट स्थानीय तहले अनुदान असुल उपर गर्ने र बुंदा ७ बमोजिम स्थानीय तहका प्राविधिकबाट अनुसुची ३ बमोजिमको कार्य सम्पन्न प्रतिवेदन प्रमाणित भएपछि सम्पन्न भएको मानिने व्यवस्था छ । सम्झौता भएका 665 घरधुरी मध्ये 92 जनाले हाल लेखापरीक्षण अवधी (2078।06।10) सम्म कार्य सम्पन्न गर्न सकेको छैनन् । यसरी कार्य सम्पन्न नगर्ने व्यक्तिहरु मध्ये कार्य सम्पन्न गर्न नसक्नेबाट रकम असुल उपर गर्नुपर्ने र कार्य गरिरहेका व्यक्तिहरुलाई सम्पन्न गराई कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने (92*30,000= 27,60,000।-)<br>मिति २०७८।८।१४ को कार्यालय चलानी नम्बर ३०२ बाट रु ९९०००० को प्रमाण पेश भएकोले प्रतिक्रयाबाट फछ्यौट गरीएको । | १,७७०,००० |
| ३० | | | **उपभोक्ता समितिबाट कार्य**<br>**उपभोक्ता समितिबाट कार्यः** सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 (1) बमोजिम रु. 1 करोड रुपैयाँ सम्मको लागत अनुमान भएको निर्माण कार्य सोही स्थानमा बस्ने बसिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति गठन गरी काम गराउन सकिने, नियम 97(9) बमोजिम उपभोक्ता समितिले हेभी इक्वीपमेन्ट जस्तै डोजर, लोडर, स्काभेंटर, रोलर, ग्रेडर आदि स्वीकृत बेगर प्रयोग गर्न नपाईने र नियम 97(10) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने प्रस्ट कानुनी व्यवस्था छ । स्थानीय बासिन्दा तथा लाभग्राहीले रोजगारीको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

अवसर पाउन, काम प्रति अपनत्वको भावना वृद्धि होस र वातावरण मैत्री काम सम्पन्न होस भन्ने उद्वेश्यबाट नियमावलीमा यस्तो व्यवस्था गरेको छ । गाँउपालिका अन्तर्गत स्वीकृत भएका योजनाहरु मध्ये अधिकांश योजना उपभोक्ता समिति मार्फत संचालन भएका छन् । गाँउपालिकामा लागत अनुमानको १५ प्रतिशत जनश्रमदान र 85 प्रतिशत अंश गाँउपालिकाले व्यहोर्ने गरी उपभोक्ता समितिहरुसँग सम्झौता गरिएको छ । सडक मर्मत तथा निर्माण कार्यमा अधिकांश उपभोक्ता समिति गठन गरी सम्झौता गर्ने र गाँउपालिकाबाट प्राप्त हुने रकमबाट निर्माण व्यवसायीबाट कार्य गरा◌ाइ निर्माण व्यवसायीला◌ाइ उपभोक्ता मार्फत भुक्तानी दिने गरेको छ । यस्तै प्रकृतिको काममा ठेक्का मार्फत प्रतिस्पर्धा गराई काम गराउदा 50% भन्दा घटीमा काम सम्पन्न हुने गरेको छ । वचत भएको रकम बाट अर्को काम सम्पन्न हुन सक्ने सम्भावना समेत रहन्छ । उपभोक्ता समिति मार्फत काम गराउँदा आफै काम नगरी निर्माण व्यवसायी मार्फत काम गराएको देखिएकोले पालिकाले प्रतिस्पर्धात्मक विधिबाट काम गराउने तर्फ ध्यान दिन पर्दछ साथै टुक्रा टुक्रा कामको ठूलो प्याकेज बनाई ठेक्का पट्टा गर्ने तर्फ अघि बढ्नुपर्दछ । निर्माण व्यवसायीबाट काम गराउँदा मेशिनकै दररेट अनुसार भुक्तानी दिएको भएतापनि नियमावलीको उद्वेश्य अनुरुप लक्ष्य प्राप्ती हुन सकेको छैन । यस्ता कामहरुको केही उदाहरणहरु निम्न बमोजिका रहेका छन् ।

| **भौ.नं. मिति** | **उपभोक्ता समितिको नाम** | **निर्माण व्यवसायीको नाम** | **गा.पा. बाट व्यहोर्ने रकम** | **निर्माण व्यवसायीलाई भुक्तानी रकम** |
|---|---|---|---|---|
| 30।2077।09।२१ | वडा नं. २ का मुख्य र शाखा सडक मर्मत | एल.एम.वि. निर्माण सेवा | 400000.0 | 400000.0 |
| 54।2077।11।20 | फिक्कल आम्बोटे मोटर बाटो निर्माण | रामेछाप आर.वि. कन्स्ट्रक्सन | 300000.0 | 300000.0 |
| 56।2077।11।20 | धन बहादुर सेगेहाङ्वा लिदइ मोटर बाटो निर्माण | एम.वि.एण्ड. निर्माण सेवा | 200000.0 | 200000.0 |
| 77।2078।01।17 | डाडा गाँउ नाका हुदै मोटर बाटो निर्माण | एम.वि.एण्ड निर्माण सेवा | 300000.0 | 300000.0 |
| 83।2078।01।26 | फावरी-यागम्वा मोटर बाटो निर्माण | एम.वि.एण्ड निर्माण सेवा | 365000.0 | 365000.0 |
| 87।2078।01।28 | सेतीवारी याक्सेन गाँउ आसमाने मोटर बाटो निर्माण | रानी गाँउ निर्माण सेवा प्रा.लि. | 200000.0 | 200000.0 |
| 97।2078।03।09 | वाईजो फकयुवा सुजनी मोटर बाटो निर्माण | एम.वि.एण्ड निर्माण सेवा | 357833.0 | 357833.0 |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | 146।2078।03।24 | इन्द्रमाने पुवाध्यानु मोटर बाटो निर्माण | रामेछाप आर.वि. कन्स्ट्रक्सन | 300000.0 | 300000.0 | |
| | | | 175।2078।03।29 | कटुसे ठुलो कुवा तमाङ्ग गाँउ तिल्के मोटर बाटो | रामेछाप आर.वि. कन्स्ट्रक्सन | 361427.0 | 361427.0 | |
| | | | 176।2078।03।29 | छोरुङ्गा कोरीडोर बाटो निर्माण | एम.वि.एण्ड निर्माण सेवा | 927285.0 | 927285.0 | |
| ३१ | | | **भेरिएशन आदेश स्वीकृत**<br>**भेरीएसन आदेश स्वीकृतः** सार्वजनिक खरिद ऐन, 2063 को दफा 54 (1) बमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थीति कार्यन्वयनको क्रममा सृजना भएमा सोको कारण खुलाई भेरीयसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । साथै 54(1) को क, ख, ग र घ ले कस्ले कति हदसम्म भेरीयसन आदेश स्वीकृत गर्नसक्ने भन्ने स्पष्ट पारेको छ । गाँउपालिका कार्यालयले वडा नं. 4 मा स्वास्थ्य चौकी भवन निर्माणमा लागत अनुमान रु.93,26,384।- भएकोमा तिमल्सिना निर्माण सेवासँग रु.57,27,855।- मा सम्झौता भएकोमा, कम्पाउन्ड वाल निर्माण तथा छुट भएका आइटमहरु समेत भेरीयसन गरी लागत अनुमानमा 15.82% र सम्झौता रकममा 14.92% वृद्धि भई लागत अनुमान रु.1,10,78,756।– र सम्झौता रु.65,90,634/- भाइ कार्य सम्पन्न भएको छ । त्यस्तै यासोक क्याम्पस भवन निर्माणतर्फ लागत अनुमान रु.90,85,833/- रहेकोमा निर्माण व्यवसायी तुम्वेहाङ्ग निर्माण सेवा फिदिमसँग रु.53,23,494।- मा सम्झौता भएकोमा क्रमश: 14.19% र 14.92% वृद्धि भएको छ । भित्तो खार्ने र मेसिनरी वाल तथा केही आईटमहरुमा परिमाण बढेको हुदाँ लागत अनुमान रु.1,05,11,892।- र सम्झौता रकम रु.63,11,565।- कायम भई कार्यसम्पन्न समेत भईसकेको छ । स्थानीय स्तरमा यसरी भेरीयसनबाट लागत र सम्झौता रकम बढेमा भेरीयसन आदेश स्वीकृत कसले गर्ने भन्ने स्पष्ट छैन । कानुनी रुपमा स्पष्ट नभएतापनि पालिकाका अध्यक्षबाट भेरियसन आदेश स्वीकृत भएको छ । कानुन बनाई यस्ता विषयलााइ व्यवस्थित गरिनुपर्दछ । | | | | | |
| ३२ | | | **भवन निर्माण** | | | | | |
| ३२.१ | | | **वडा नं. ४ स्वास्थ्य चौकी भवन निर्माण कार्यः** ठेक्का नं. KRM/NCB/Work/077।078।02 को लागत अनुमान रु.1,10,78,576।- र सम्झौता रकम रु.67,90,634।- भएको निर्माण कार्यको यसै वर्ष कार्य सम्पन्न भएको श्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसारका छन् । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२.२ | | | **खरिद सम्बन्धी कागजात प्रयोगः** सार्वजनिक खरिद ऐन, 2063 को दफा 65 (1) ग बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक निकायले खरिद कारवाही संचालन गर्न प्रयोग गर्नुपर्ने बोलपत्र सम्बन्धी कागजात (स्टान्डर्ड विडिङ डकुमेन्ट) र खरिद सम्झौता सम्बन्धी कागजात (स्यान्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) को नमुना तयार गर्ने र सोही बमोजिमका कागजातहरु प्रयोग गरी सार्वजनिक निकायहरुले खरिद प्रकृया संचालन गर्नुपर्नेमा यस गाँउपालिकाले उक्त कागजातहरु प्रयोगमा ल्याएको छैन । आगामी दिनमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको खरिद सम्बन्धी नमुना बमोजिम खरिद कागजात तयार गरी खरिद गर्ने काम गरिनुपर्दछ । | |
| ३३ | | | **मु अ कर थप**<br>**मु.अ.कर थपः** 55।२०७७।११।२२ निर्माण व्यवसायी तिमलसेना निर्माण सेवा, फिदिमलाई प्रथम रनिङ्ग बिल रु.30,49,903।- भुक्तानी गर्दा प्रोभिजनल आईटमबाट रु.32,500।- भुक्तानी भएकोमा प्रोभिजनल सम रकममा मूल्य अभिवृद्धि कर सहित हुने हुँदा सो घटाई मूल्य अभिवृद्धि कर गणना गर्नुपर्नेमा सो समेत जोडी मु.अ.कर गणना गरेकोले दोहोरो मु.अ.कर रु 4,225।- असुल गर्नुपर्ने रु.<br><br>चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार असुल भई प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरीएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **बील भर्पाई वेगर खर्च**<br>**बिल भरपाई बेगर खर्चः** आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिमम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका कार्यालयले निर्माण व्यवसायी तिमलसेना निर्माण सेवा, फिदिमलाई निम्नानुसार प्रोभिजनल सममा राखेको आईटमको भुक्तानी गर्दा बिल भरपाई संलग्न छैन । प्रोभिजनल सम(PS)मा राखेको रकम वास्तविक कामको आधारमा बिल भर्पाई प्राप्त भएपछि भुक्तानी दिनुपर्नेमा बिल बेगर भुक्तानी भएको रु.<br><br>\| **गो.भौ.नं. र मिति** \| **रनिङ्ग बिल** \| **आईटम नं.** \| **विवरण** \| **भुक्तानी रकम** \|<br>\| 55।०७७।११।२२ \| प्रथम \| 1.2 \| ल्याव टेस्ट \| 17500.0 \|<br>\| 55।077।11।22 \| प्रथम \| 1.3 \| होर्डिङ बोर्ड \| 15000.0 \|<br>\| १६०।2078।03।26 \| दोश्रो तथा अन्तिम \| 1.1 \| इन्सोरेन्स \| 50000.0 \|<br>\| 160।2078।03।26 \| दोस्रो तथा अन्तिम \| 1.2 \| ल्याबटेस्ट \| 17500.0 \|<br>\| **जम्माः** \| \| \| \| **100000.0** \|<br><br>कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार असुल भई प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको । | |
| ३५ | | | **क्याम्पस भवन निर्माण कार्य**<br>**ठेक्का नं. KRM/NCB/Work/०७७।०७८।०३ यासोक क्याम्पस भवन निर्माण कार्यः** लागत अनुमान (भेरीयसन पश्चात) रु.1,05,11,892।- भएको क्याम्पस भवन निर्माण खर्च निर्माणमा व्यवसायी तुम्वेहाङ्ग निर्माण सेवा, फिदिमसँग रु.66,11,565।- मा सम्झौता भई सम्पन्न भएको श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसारका रहेका छन् । | |
| ३६ | | | **भवन निर्माण कार्य** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६.१ | | | **बिल भरपाई बेगर खर्चः** वगाले चियान वडा नं. ३ कार्यालय मोटर बाटो स्तरोन्नती गर्ने कार्य सम्पन्न गरेवापत तुम्बेहाङ्ग, निर्माण सेवालाई प्रथम तथा अन्तिम रनिङ्ग बिल रु.38,37,450।- भुक्तानी भएकोमा आईटम नं. 1.2 साईन बोर्ड प्रोभिजनल सम आईटममा राखेकोले वास्तविक कामको आधारमा बिल भरपाई पेश भए बमोजिम भुक्तानी गर्नुपर्नेमा बिल भरपाई बेगर भुक्तानी दिएकोले साईन बोर्ड खरिद गरेको भन्ने प्रमाण नभएको रु.<br>चलानी नम्बर ३०२ मिति २०७८।८।१४ निर्णय अनुसार असुल भइ प्रमाण पेश भएकोले प्रतिक्रियबाट फछ्यौट गरिएको | |
| ३६.२ | | | **बिल भन्दा बढी भुक्तानीः** 17।2078।03।25 आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम सरकारी रकम खर्च गरी बिल, भरपाई, प्रमाण, र कागजात राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायी तुम्वेहाङ्ग निर्माण सेवा, फिदिमलाई दोश्रो तथा अन्तिम रनिङ्ग बिल रु.37,72,133।- भुक्तानी गर्दा आईटम नं. १ बिमा बापत रु.50,000।- भुक्तानी भएकोमा बिलको जोड जम्मा गर्दा रु.9647।- का ३ वटा बिलको रु.28,972।44 मात्र भएकोले बिल भन्दा बढी भुक्तानी भएको रु.21,057।56 असुल गर्नुपर्ने रु.<br><br>कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार असुल भई प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको । | |
| ३६.३ | | | **बिल भरपाई बेगर खर्चः** 8।2077।11।28आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम सरकारी रकम खर्च गर्दा खर्चको बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायी तुम्वेहाङ्ग निर्माण सेवा फिदिमलाई प्रथम रनिङ्ग बिल रु.24,84,945।- भुक्तानी दिएकोमा प्रोभिजनल सममा राखेको आईटमको बिमा रु.35,000।- र मेटेरियल टेस्ट रु.15,000।- समेत रु.50,000।- भुक्तानी भएको छ । प्रोभिजनल सम (पि.एस.) मा राखेको रकम खर्च गर्दा वास्तविक खर्च गरेको बिल भरपाई बमोजिम खर्च भुक्तानी दिनुपर्नेमा बिल भरपाई बेगर खर्च भएकोले खर्च पुस्टी गर्ने आधार नभएको रु.<br><br>कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार असुल भई प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको | |
| ३६.४ | | | 8।2077।11।28 प्रोभिजनल समबाट भएको उक्त रु.50,000।- भुक्तानी मु.अ.कर समेत हुने हुँदा पुनः ठेक्का सम्बन्धी बिलमा मु.अ.कर. थप गरी दोहोरो मु.अ.कर. भुक्तानी भएको हुँदा असुल गर्नुपर्ने रु.<br><br>कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार असुल भई प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **बाटाहरु स्तरोन्नती कार्य** | |
| ३७.१ | | | **ठेक्का नं. KRM/NCB/Work/०७७।०७८।०४ कुम्वायक वडा नं. ३ र ५ का ७ वटा बाटाहरु स्तरोन्नती कार्यः** लागत अनुमान रु.26,83,412।- भई रु.13,62,625।- मा निर्माण व्यवसायीसँग सम्झौता भई प्रथम तथा अन्तिम रनिङ्ग बिल भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिमका रहेका छन् । | |
| ३७.२ | | | **133।०७८।०३।२३** - निर्माण व्यवसायी रानीगाँउ निर्माण सेवा प्रा.लि.लाई बिल रु.13,62,635।- भुक्तानी गर्दा ठेक्का सम्बन्धी बिल अनुसार रु.13,50,564।- (मु.अ.कर सहित) भुक्तानी दिनुपर्नेमा कर बिजक रु.13,62,625।- (मु.अ.कर सहित) पेश भए अनुसार भुक्तानी भएकोले बढी भुक्तानी रु 12,061।- असुल गर्नुपर्ने रु.<br><br>कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार असुल भई प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको | |
| ३८ | | | **जस्ता पाता खरिद**<br>**रंगिन जस्ता पाता खरिदः** 133।078।03।24 पालिका अन्तर्गत वडा नं. १, 3 र ५ का विपन्न वर्गका जनतालाई घरको छानो निर्माणको लागि वितरण गर्न टेण्डर मार्फत सप्लयर्सकर्ता गोल्डेन ट्रेड एण्ड सप्लायर्स, फिदिमसँग सम्झौता गरी रु.22,00,000।- भुक्तानी भएको छ । यस्तै जस्ता पाता खरिद गरी घरको छानो हाल्ने कामको लागि सुरक्षित नागरिक आवास कार्यक्रम लागु भएको छ । सो कार्यक्रमबाट यस वर्ष 675 घरधुरी लाभान्वीत भएको र क्रमश उक्त कार्यक्रम संचालन हुँदै गईरहेको अवस्थामा यस्तै प्रकृतिको अर्को कार्यक्रम स्वीकृत गरी जस्तापाता खरिद भएको छ । दोहोरो पर्ने गरी कार्यक्रम संचालन भएको, खरिद भएका जस्तापाता वितरण गर्न विपन्न वर्गको पहिचान र छनौट विधि स्पष्ट नभएको तथा कति घरधुरीलाई कतिका दरले वितरण गर्ने हो स्पष्ट नभएकोले वितरण कार्य सम्पन्न गरेको संख्या, भरपाई र वितरण गर्नुपर्ने पुष्टयार्इ लगायतका कागजात पेश गर्नुपर्ने रु<br><br>कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको | |
| ३९ | | | **अभिमुखिकरण सम्बन्धमा**<br>भौ.नं.332/2078//3/26 दलित प्रोफाइल निर्माण अन्तर्गत उत्पीडीत दलित जाति विकास मञ्च, पाँचथर मार्फत मिति 2078/3/17 बिजक नं. 93 निरौला स्टेशनरी तथा छपार्इ सप्लायर्स, फिदिमलार्इ दलित अभिमुखीकरण भिलेज प्रोफार्इल अभिलेख पुस्तक 500 परिमाण छपार्इ गर्न रु.99,863/75(मूल्य अभिवृद्धि कर सहित) भुक्तानी भएकोमा जिन्सी दाखिला भएको देखिएन । कार्यालयले पुस्तक छपार्इ गर्‍यो वा गरेन एकिन गर्न नसकेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु. | ९९,८६३.७५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **बैठक भत्ता** | |
| ४०.१ | | | **अनुगमन प्रतिवेदनः** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, 2075 को दफा 3 अन्तर्गत पदाधिकारीहरुले पाउने सुविधा अन्तर्गत अनुसुची 1(क्र.सं.5) मा अनुगमन भत्ता पाउने र द्रष्टव्यमा गाउँपालिकाका पदाधिकारीहरुले मासिक रुपमा अनुगमन भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाका पदाधिकारीलाई रु.6,00,000/- अनुगमन भत्ता भुक्तानी गर्दा आंशिक रुपमा मात्र अनुगमन प्रतिवेदन पेश गर्ने गरेको देखियो । गाउँपालिकाले पदाधिकारीलाई अनुगमन भत्ता भुक्तानी गर्दा अनिवार्य अनुगमन प्रतिवेदन पेश गरेर मात्र भुक्तानी गर्नुपर्दछ । | |

| पद | मासिक अनुगमन भत्ता दर | जम्मा रकम |
|---|---|---|
| अध्यक्ष | 10000.0 | 120000.0 |
| उपाध्यक्ष | 10000.0 | 120000.0 |
| वडा अध्यक्ष ५ जना | 4000.0 | 240000.0 |
| कार्यपालिका सदस्य ५ जना | 2000.0 | 120000.0 |
| **जम्माः** | | **600000.0** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०.२</td><td></td><td></td><td>भौ.नं. 320/2078/3/25 भ्रमण खर्च नियमावलि, २०६४ को दफा 7(११) बमोजिम सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता,तालिम भत्ता, स्थानिय भत्ता, वा अन्य कुनै किसिमको भत्ता पाउने छैन भन्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसार कर्मचारीहरुलाइ भ्रमण भत्ताका साथै सोही अवधिमा बोलपत्र ठेक्का मूल्यांकन जस्ता बैठकमा उपस्थित गराइ बैठक भत्ता समेत भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>सि.नं.</th><th>पद र नाम</th><th>भ्रमण अवधि</th><th>बैठक अवधि</th><th>बैठक दर र बढि दिन</th><th>असुल गर्नुपर्ने रकम</th></tr>
<tr><td>1</td><td>ाइ. श्री नरेन्द्र श्रेष्ठ</td><td>2078/3/12-3/16</td><td>2078/3/10-3/17</td><td>1000.0 5 वटा</td><td>5000.0</td></tr>
<tr><td>2</td><td>ाइ. श्री अंकित कुमार निधि</td><td>2078/3/12-3/16</td><td>" "</td><td>1000.0 5 वटा</td><td>5000.0</td></tr>
<tr><td>3</td><td>ाइ. श्री दिवाकर बास्कोटा</td><td>2078/3/11-3/17</td><td>" "</td><td>1000.0 6 वटा</td><td>6000.0</td></tr>
<tr><td>4</td><td>ाइ. श्री राम प्रसाद अर्याल</td><td>2078/3/11-3/17</td><td>" "</td><td>1000.0 6 वटा</td><td>6000.0</td></tr>
<tr><td>5</td><td>स.ाइ. श्री विक्रम कुमार बास्तोला</td><td>2078/3/11-3/17</td><td>" "</td><td>1000.0 6 वटा</td><td>6000.0</td></tr>
<tr><td>6</td><td>स.ाइ. श्री सुवास पौडेल</td><td>2078/3/12-3/16</td><td>" "</td><td>1000.0 5 वटा</td><td>5000.0</td></tr>
<tr><td colspan="5">जम्माः</td><td>33000</td></tr>
</table></td><td>३३,०००</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>स्टोर दाखिला<br>भौ.नं. 356/2078/3/28 दलित आय आर्जन कार्यक्रम अन्तर्गत मिति 2078/3/22 बिल नं. 56 कुष्चल डाँगी स्टोर एण्ड सप्लायर्स, पाँचथरबाट लुगा सिलाउने मेशिन 12 थान र इलेक्ट्रोनिक ब्रोबर भाटी मेसिन 27 थान रु.3,94,935/- मा खरिद गरी स्टोरमा दाखिला गरेकोमा सोको वितरण भर्पाइ पेश नभएकोले सो पेश गर्नुपर्ने रु.<br><br>कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४२ | | | **नापि किताब**<br>**नापी किताव:** आर्थिक कार्यविधि तथ ा वित्त ीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ र नियमावली २०७७ को नियम ३९ मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउन व्यवस्था रहेको छ । निर्माण कार्यको नाप ीको परिमाण अभिलेख राख्न म.ले.प.फा.नं. ५०३ को व्यवस्था भएको छ । कम्प्युटरबाट नाप ी किताब तयार गरिएमा प्रिन्ट गरी बाइन्डिङ गर्नुपर्ने र नापी किताब नियन्त्रण खातामा चढाउनुपर्दछ भन्ने समेत व्यवस्था भएकोमा लेखा परिक्षणको अवधिमा नापी नियन्त्रण खातामा चढाएको नपाइएकाले नापी नियन्त्रण खातामा व्यवस्था गर्नुपर्दछ । | |
| ४३ | | | **गुणस्तर परीक्षण**<br>**गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आंशीक मात्र गरेको छ । | |
| ४४ | | | **तलबी प्रतिवेदन**<br>**तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख) बमोजिम निजामती कर्मचारीहरुको प्रत्येक वर्ष जिल्ला स्थित कार्यालयहरुको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराई भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयबाट आर्थिक वर्ष २०७7।०७8 को तलवी प्रतिवेदन पारित भएको छैन । तलबी प्रतिवेदन पारित नहुँदा कर्मचारीहरुको तलब, ग्रेड, प्राविधिक ग्रेड र थप ग्रेड समेत एकिन गर्न सकिएन । प्रदेश निजामती सेवा नबनेको अवस्थामा प्रचलित कानुन बमोजिम नै तलबी प्रतिवेदन पारित गर्नेतर्फ सम्बन्धीत पक्षको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **जिन्सी दाखिला**<br>**जिन्सी दाखिलाः** भौ.नं. 316/2078/3/24 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को दफा 95 मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको वा खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भ्ाइ वा वस्तुगत सहायता वा कुनै प्रकारबाट प्राप्त हुन आएका सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुला्इ सम्पत्ति तथा जिन्सी किताबमा 7 दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उज्यालो एडभरटा्इजिङ्ग मेडिया प्रा्इभेट लिमिटेड, धरान 12, सुनसरीला्इ 500 प्रति कुम्मायक बुलेटिन प्रकाशन गर्न मिति 2075/3/22 रु.2,00,000/- (मूल्य अभिवृद्ध कर सहित) Draftका आधारमा भुक्तानी गरेको देखिन्छ । जिन्सि खातामा बुलेटिनको दाखिला समेत नभएकोले सो प्रकाशन भयो वा भएन भनी एकिन गर्न नसकेकोले जिन्सी किताबमा दाखिला गरी वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु.<br><br>कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **पदाधकारी सुविधा**<br>**पदाधिकारी सुविधाः** प्रदेश नं. १ आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्रकाशित गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, 2075 को दफा 3 को अनुसुची १(क) बमोजिम यस गाउँपालिकाका पदाधिकारीहरुलाइ पालिकाले दिएको विवरण बमोजिम आर्थिक वर्ष 2077/78 मा निम्नानुसार सुविधा दिएको छ । | |

| सि.नं. | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ५ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १५ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 32000 | 25000 | 180000 | १९५००० | १५००० | ४४७००० |
| २ | यातायात खर्च | १२०००० | ९०००० | २४०००० | १८०००० | ३६०००० | ९९०००० |
| ३ | टेलिफोन, मोबाइल | ३६००० | २७००० | १२०००० | १०८००० | १८०००० | ४७१००० |
| ४ | पुस्तक, पत्रीका, ईन्टरनेट | २४००० | १८००० | ६०००० | ७२००० | १८०००० | ३५४००० |
| ५ | अनुगमन | 120000 | 12000० | 24000० | 12000० | ० | 60000० |
| ६ | खाजा | 60000 | 60000 | 180000 | 108000 | 270000 | 678000 |
| ७ | अतिथि सत्कार | १०८००० | ४५००० | २४०००० | १४४००० | २७०००० | ८०७००० |
| ८ | खानेपानी/बिजुली/सरसफाई | ३०००० | २२५०० | ६०००० | ३६००० | ९०००० | २०२५०० |
| 9 | चाडपर्व खर्च | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **530000** | **407500** | **1320000** | **963000** | **1365000** | **4585500** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **विल भरपाइ**<br>**बिल भर्पाईः** भौ.नं.193/2078/1/21आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयका जनस्वस्थ्य निरीक्षक केदार बहादुर खड्काले स्वास्थ्य जिवनका लागि योग अभ्यास कार्यक्रम संचालन गरी रु.69,917/- भुक्तानी भएकोमा कागजात परीक्षण गर्दा रु.12,800/- को मात्र बिल भर्पाई भएकोले बिल भर्पाई भन्दा बढि भुक्तानी रकम असुल गर्नुपर्ने रु. कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको | |
| ४८ | | | **जिन्सी दाखिला**<br>भौ.नं. 360/2078/3/28 आयोजना व्यवस्थापन खर्च अन्तर्गत वडा नं. 5 ले मिति 2078/3/21 बिल नं. 1845 आम्ना स्टोर्सबाट रंगिन जस्ता लगायतका सामान रु.99,046.76 मा खरिद गरी वडामा जिन्सी दाखिला गरेकोमा वितरण गरेको नदेखिएकोले सोको वितरण भर्पाई पेश हुनुपर्ने रु. | ९९,०४६.७६ |
| ४९ | | | **वित्तीष प्रतिवेदन**<br>**वित्तीय प्रतिवेदनहरुको सार्वजनिकरणः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ दफा ५६ र नियमावली २०७७ नियम ७३ बमोजिम प्रचलित कानुन बमोजिम तयार गरिएका वित्तीय प्रतिवेदन तयार गर्न तोकिएको अवधि समाप्त भएको सात दिनभित्र तालुक कार्यालयमा पठाउने एवं विद्युतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । वित्तीय प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले ७ दिन भित्र विद्युतिय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था सार्वजनिक गरेको नपाइएकाले तोकिएको अवधिभित्र वित्तिय प्रतिवेदनहरु सार्वजनिक गर्नुपर्दछ । | |
| ५० | | | **वितरण**<br>**वितरणः** भौ.नं. 329/2078/3/25 बाट किटनाशक औषधी व्यवस्थापन 50 प्रतिशत अनुदान अन्तर्गत ना.पा.स. प्रज्ञा सुन्दासले मिति 2078/3/23 बिल नं. 560 अपिल एग्रोबाट इमामेक्टिङ 2gm 600 परिमाण रु.3,00,000/- मा खरिद गरी कार्यालयले 50 प्रतिशत रु.1,50,000/- भुक्तानी गरेको छ । सो सामाग्री कृषकलाई वितरण गरेको आंशिक भर्पाई मात्र पेश भएको साथै कृषकबाट प्राप्त 50 प्रतिशत रकम कम्पनीलाई भुक्तानी भएको वा नभएको एकिन नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु . कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको | |
| ५१ | | | **सामाजिक सुरक्षा कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१.१ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगतकट्टा तथा भत्ता वितरण लगायत यससँग सम्बन्धित विविध व्यवस्थाहरु गरेको छ । यस बर्ष पालिकाले रु.4,38,22,426/- सामाजिक सुरक्षा भत्ता वितरण गरेकोमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । | |
| ५१.२ | | | **वितरण व्यवस्थाः** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १६ मा पालिकाले प्रथम चौमासिक भत्ता असोज १ गतेबाट दोश्रो हप्ताभित्र, दोश्रो चौमासिक माघको १ गतेबाट दोश्रो हप्ताभित्र र तेश्रो चौमासिक जेठको १ गतेबाट दोश्रो हप्ताभित्र भूक्तानी गरी सक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष प्रथम चौमासिकको रकम कात्तिक 3, दोश्रो चैत 9 र तेश्रो असार २2 गते निकाशा गरेको देखियो । कार्याविधिले तोकेको समयमा नै लाभग्राहीलाई भत्ता वितरण गर्नुपर्दछ । | |
| ५२ | | | **विल भर्पाई**<br>**बिल भरपाई बेगर खर्चः** 123।2078।03।23 आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम सरकारी खर्च गर्दा पुस्टी हुने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायी रानीगाँउ निर्माण सेवा प्रा.लि. लाई प्रथम तथा अन्तिम बिल रु 13,62,635।- भुक्तानी गर्दा आईटम नं. 1 मा रहेको साईन बोर्ड प्रोभिजनल सम रकम समेत भुक्तानी भएको छ । प्रोभिजनल सम मा राखेको रकम खर्च गर्दा वास्तविक कामको बिल भरपाईको आधारमा भुक्तानी दिनुपर्नेमा बिल भरपाई बेगर भुक्तानी भएकोले खर्च भएको पुस्टी गर्ने आधार नभएको रु.<br>कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार असुल भई प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>खरिद आदेश विना खरिद<br>खरिद आदेश विना खरिदः सार्वजनिक खरिद नियमावली, 2064 को नियम 4 बमोजिम अधिकार प्राप्त अधिकारीको लिखित आदेश विना खरिद गर्न नहुने, नियम ५(१) बमोजिम खरिद सम्बन्धी कारवाही शुरु गर्नु अघि सम्बन्धीत सार्वजनिक एका ्इले खरिद माग प्राप्त गरी स्विकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका सामान खरिद गर्दा खरिद आदेश र खरिद माग प्राप्त नगरी सामान खरिद गरी दाखिला प्रतिवेदन मात्र संलग्न राखी भुक्तानी दिएको छ । खरिद माग प्राप्ती र खरिद आदेश बेगर खर्च भएको यस्तो रकम नियमसंगत नदेखिएको रु.<br>
<table>
<tr><th>भौ.नं. र मिति</th><th>भुक्तानी विवरण</th><th>रकम</th></tr>
<tr><td>9/2077/6/5</td><td>स्थानीय प्रकोप व्यवस्थापनबाट दमक सर्जिकल सप्लायर्सबाट खरिद भएको सामानको खरिद आदेश र माग फाराम नभएको</td><td>192800.0</td></tr>
<tr><td>165/2077/11/28</td><td>चालु बजेटबाट संचार सम्बन्धी सामाग्री खरिद गरेकोमा खरिद आदेश र माग फाराम नभएको</td><td>33150.0</td></tr>
<tr><td colspan="2">जम्माः</td><td>225950.0</td></tr>
</table>
कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार रु १९२८०० को प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको</td><td>३३,१५०</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>रकम फिर्ता<br>फिर्ता रकम राजस्व दाखिला नभएकोः भौ.नं. 1/2077/3/7 सामाजिक सुरक्षा भत्ता बापतको पहिलो चौमासिक रकम सम्बन्धीत व्यक्तीहरुको खातामा जम्मा गर्न मेघा बैंक लिमिटेड, कुम्मायक शाखामा पठाएकोमा केही व्यक्ती मृत्यु भएका र केही व्यक्तीको दोहोरो परेको भनी बैंकबाट रु.36,400/- फिर्ता पठाएकोमा उक्त रकम संघिय शशर्त अनुदान भएकोले राजस्व दाखिला गर्नुपर्नेमा पालिकाको चालु खातामा राखेकोले राजस्व दाखिला गर्नुपर्ने रु.</td><td>३४,६००</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>बैंकमार्फत भूक्तानीः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ताको रकम बैंक मार्फत मात्र लाभग्राहीको खातामा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । सोही बमोजिम यस आर्थिक वर्षको सुरु देखिनै बैंक खातामा जम्मा हुने व्यवस्था पूर्ण रुपमा लागु भएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **भर्पाई वेगर खर्च**<br>**भर्पाई बेगर खर्चः** भौ.नं. 164/2077/11/28 आर्थिक कार्यविध तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम सरकारी रकम खर्च गर्दा खर्च पुष्टि हुने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । कार्यालयबाट अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि फोलिक एसिड खरिद गरी रु.86,680/- भुक्तानी गरेको उक्त एसिड के कामको लागि र कसलाई वितरण गर्‍यो प्रमाण पेश नभएको रु.<br><br>कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको | |
| ५७ | | | **धरौटी**<br>**धरौटीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को दफा 64(1) अनुसार कार्यालयले आफ्नो नामबाट एकल कोष धरौटी खातामा जम्मा गरेको धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्दछ । कार्यालयको धरौटी खाता अनुसार रु.२०,२५,३६४/- र बैँक अनुसार रु.२०,३५,३६४/- मौज्दात देखिएकाले रु.१०,००० फरक देखिएको छ । कार्लययको अनुसार भुवनसिंह मगरको ट्राक्टर धरौटी आर्थिक वर्षको अन्तमा जम्मा नभई श्रावण महिनामा जम्मा भएकोले फरक देखिएको भन्ने भनाई छ । सोको एकिन गरी हिसाव मिलान गर्नुपर्दछ । | |
| ५८ | | | **लागत अनुमान वेगर खरिद**<br>**लागत अनुमान बेगर खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले रु.१,००,०००/- भन्दा माथिको मालसामान खरिद गर्दा स्वीकृत नर्म्स प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु.४,८०,७३३।- बराबरको खरिद गरेको कम्प्युटर प्रिन्टरको लागत अनुमान पेश नभएकाले सो पेश गरी नियमित गर्नुपर्ने रु<br><br>कार्यालय चलानी नम्बर ३०२ मिति २०७८।८।१४ को निर्णय अनुसार प्रमाण पेश भएकोले प्रतिक्रियाबाट फछ्यौट गरिएको | |
| ५९ | | | **सार्वजनिक परीक्षण**<br>**सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **कोरोना कोष**<br>**कोरोना कोषः** प्रकोप व्यवस्थापन कोषमा गत वर्षको अ.ल्या. रु. 54 लाख 94 हजार मा यस वर्ष रु. 12 लाख 50 हजार थप भर्इ रु. 67 लाख 44 हजार आय रहेकोमा सोही कोषबाट कोभिड व्यवस्थापनमा रु. 26 लाख ५० हजार मात्र खर्च भर्इ प्रकोप व्यवस्थापनमा रु. 27 लाख 24 हजार खर्च भएको छ । सो कोषमा रु. 13 लाख 69 हजार मौज्दात रहेको छ । तसर्थ कोरोना कोषको छुट्टै खाता नभएर प्रकोप व्यवस्थापन कोषबाट रु. 26 लाख ६५ हजार मात्र खर्च भएको छ । | |
| ६१ | | | वेरुजु तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजूको लगत राख्ने र फस्योंटगरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ । गाँउपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि रु.2,96,03,737/- पेश गरेकोमा सबै सम्परीक्षण गरी जानकारी दिईएको छ । डोरमा सम्परीक्षण भएको बेरुजुको विवरण देहाय बमोजिम छ । | |

| आ.व. | बेरुजुको दफा | व्यहोरा | रकम |
|---|---|---|---|
| 2076/ 77 | 22 | वडा अध्यक्ष श्री बालकृष्ण शेर्माको दोहोरो सुविधा असुल भै दाखिला | 25000.0 |
| | 23 | वडा सदस्य श्री सिता लावतीको दोहोरो सुविधा असुल भै दाखिला | 11830.0 |
| | 24 | वडा सदस्य श्री सिता लावतीको नपाउने पोषाक भत्ता असुल भै दाखिला | 9900.0 |
| | 33 | फरक शिर्षक गाउँ सभाबाट नियमित गरी पेश | 670445.0 |
| | 34 | जिन्सी दाखिलाको प्रमाण पेश | 1300000.0 |
| | 35 | सिद्ध मा.वि.को रु.32,00,000/- र खाल्डे मा.वि.को रु.15,00,000/- भवन निर्माणको कार्य सम्पन्न प्रतवेदन पेश | 4700000.0 |
| | 36 | सुरक्षित नागरिक आवास कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदन पेश | 56150.0 |
| | 38 | टुका पारी सोझै खरिद गरेको गाउँ सभाबाट नियमित गरी पेश | 1800100.0 |
| | 40 | सेनेटरी प्याड वितरण गरेको प्रमाण पेश | 758120.0 |
| | 44 | उपभोक्ता समितिबाट मेसिन प्रयोग गरी निर्माण व्यवसायीबाट काम गराएको गाउँ सभाबाट नियमित गरी पेश | 13665141.0 |
| | 47 | भेरिएसन आदेश गाउँ सभाबाट नियमित गरी पेश | 812661.0 |
| | 51 | सार्वजनिक भवनहरु सरकारी जग्गामा बनेको प्रमाण पेश | 500000.0 |
| | 63 | सामाजिक सुरक्षा भत्ता वितरण भर्पार्इको जोड अंक फरक नपरेकोले गाउँ सभाबाट नियमित गरी पेश | 34200.0 |
| 2075/ 76 | 38 | वित्तीय समानीकरण पूँजिगतको बजेटबाट चालु खर्चहरु गर्न नमिल्ने गाउँ सभाबाट नियमित गरी पेश | 2000000.0 |
| | 47 | वित्तीय समानीकरण पूँजिगतको बजेटबाट सहकारीलार्इ भुक्तानी दिन नमिल्ने गाउँ सभाबाट नियमित गरी पेश | 950000.0 |
| | 55 | थुडस्लिङ डिप बोरिङ खानुपानी आयोजनालार्इ कार्य सम्पन्न प्रतिवेदन र | 1500000.0 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| | | अनुगमन बिना भुक्तानी गाउँ सभाबाट नियमित गरी पेश | |
| | 65 | कर्मचारीहरुलाई अतिरिक्त सुविधा दिएको गाउँ सभाबाट नियमित गरी पेश | 418000.0 |
| 2074/ 75 | 24 | दरवन्दी बेगर पदपुर्ति गाउँ सभाबाट नियमित गरी पेश | 240000.0 |
| 2073/ 74 | 6 | VAT मा दर्ता नभएकोबाट खरिद गाउँ सभाबाट नियमित गरी पेश | 52190.0 |
| | 10 | कार्यक्रम संचालन नगरी सामान खरिद गरेको गाउँ सभाबाट नियमित गरी पेश | 100000.0 |
| | | **जम्माः** | **29603737.0** |

६२

अनुगमन तथा संपरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको बेरुजू फस्यौंट तथा अद्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ ।

**(रु.हजारमा)**

| **गत वर्षसम्मको बाँकी बेरुजू** (A) | **यो वर्ष संपरीक्षण गरिएको बेरुजू** (B) | **यो वर्ष कायम बेरुजू** (C) | **संपरीक्षणबाट कायम बेरुजू** (D) | **अद्यावधिक बाँकी बेरुजू** (E=A-B+C+D) |
|---|---|---|---|---|
| 44964 | 29604 | 12461 | 0.0 | 27821 |